annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २०७, पृष्ठ ८ | काठमाडौं, बिहीबार १८ मंसिर २०८२ | मार्ग शुक्लपक्ष पूर्णिमा, नेपाल संवत् ११४६ | THURSDAY, DECEMBER 4, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# जोखिमपूर्ण हेलिप्याड निर्माणमा भ्रष्टाचार, क्यानका महानिर्देशक अधिकारी पक्राउ




गुगल म्याप

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले ऐन, नियम मिचेर भक्तपुरको नलिन्चोक (जोखिमपूर्ण स्थान)मा हेलिप्याड बनाएको भन्दै नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीसहित ६ जनाविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको छ। पूर्वसम्भाव्यता अध्ययन नगरी 'खतरायुक्त र जोखिमपूर्ण' स्थानमा हेलिप्याड बनाउनुको पछाडि बदनीयत रहेको अख्तियारको आरोप छ। महानिर्देशक अधिकारीलाई त अख्तियारले बुधबार नै पक्राउ गरेर मुद्दा दायर गरेको थियो।

सुरेन्द्र काफ्ले/सुनिता कार्की | *काठमाडौं*

– को रिपोर्ट

समाचार पृष्ठ २

## अमेरिका–रुस वार्ता बिना निष्कर्ष टुंगियो



क्रेमलिन (एजेन्सी) : संयुक्त राज्य अमेरिका र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनका शीर्ष वार्ताकारहरूबीच भएको पाँच घण्टा लामो वार्ता बिनानिष्कर्ष टुंगिएको छ। वार्ताले सम्भावित युक्रेन शान्ति सम्झौतामा कुनै सफलता हासिल गर्न नसकेको रुसी विदेश नीति सल्लाहकार र पुटिनका सहयोगी युरी उसाकोभले बताए।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पका विशेष दूत स्टिव विटकोफ र ज्वाइँ जेरेड कुसनर मंगलबार क्रेमलिनमा पुटिनसँग उच्चस्तरीय वार्ताका लागि बसेका थिए। यसले ट्रम्प प्रशासनले युक्रेनमा रुसी युद्ध अन्त्य गर्न जारी राखेको आफ्नो एक साता लामो कूटनीतिक प्रयासको अन्त्य भएको छ।

रुसी राजधानीमा भएको वार्ता धेरै उपयोगी, रचनात्मक र अत्यधिक ठोस रहे तापनि सम्झौताको विकल्प फेला नपरेको उसाकोभले बैठकपछि पत्रकारहरूलाई बताए। 'केही अमेरिकी प्रस्तावहरू थोरै वा बढी स्वीकार्य देखिन्छन्। यद्यपि, ती प्रस्तावमाथि छलफल गर्नु आवश्यक छ', उसाकोभले भने, 'अन्य बुँदाहरू हामीलाई उपयुक्त लागेनन्।' तर, यसमा काम जारी रहने उनले बताए।

अघिल्ला अड्चनहरूमध्ये क्रेमलिनले युक्रेनलाई नेटोमा सामेल हुने आफ्नो आकांक्षा औपचारिक रूपमा त्याग्न र युक्रेनले पूर्वी युक्रेनको डोनबास क्षेत्रको भूभाग आत्मसमर्पण गर्न माग गरेको छ। उक्त क्षेत्र रुसले कब्जा गरेको छ तर अहिलेसम्म जितेको छैन।

अमेरिकी पक्षले भने हालसम्म वार्ताका विषयमा सार्वजनिक रूपमा टिप्पणी गरेको छैन तर बैठक अघि ह्वाइट हाउसका प्रेस सचिव कारोलिन लेभिटले अमेरिका साढे तीन वर्षको युद्ध अन्त्य गर्ने सम्झौतामा पुग्न धेरै आशावादी रहेको जनाए।

# मधेसका मुख्यमन्त्रीद्वारा राजीनामा, नयाँ सरकारका लागि आह्वान

**गोविन्द महतो** | *जनकपुरधाम*

मधेसका मुख्यमन्त्री सरोजकुमार यादवले पदबाट राजीनामा दिएका छन्। मधेस प्रदेश सभाको रोस्टमबाट उनले राजीनामा घोषणा गरेका हुन्। संविधानको धारा १६८ को उपधारा (४) बमोजिम प्रदेश सभाबाट विश्वासको मत लिने कार्यक्रम थियो। तर, विश्वासको मतको सामना नगरी उनले पदबाट राजीनामा दिएपछि मत विभाजन गरिएन।

उनको राजीनामासँगै प्रदेश प्रमुख सुरेन्द्र लाभ कर्णले नयाँ सरकार गठनका लागि आह्वान गरेका छन्। यादवले दिएको राजीनामा स्वीकृत गर्दै प्रदेश प्रमुख लाभले संविधानको धारा १६८ को उपधारा (२) बमोजिम प्रदेश सभामा प्रतिनिधित्व गर्ने दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्न सक्ने प्रदेश सभा सदस्यलाई शुक्रबार साँझ ५:०० बजेभित्र मुख्यमन्त्रीमा दाबी पेस गर्न आह्वान गरेका छन्।

त्यसअघि प्रदेश सभामा बोल्दै मुख्यमन्त्री यावदले आफ्नो नियुक्तिलाई असंवैधानिक भन्दै सात दलले अशोभनीय व्यवहार भएको आरोप लगाए। मधेस भवनमा अभद्र शैलीको व्यवहार र अराजकता प्रदर्शन गर्नेदेखि झन्डा फाल्ने, गमला फाल्ने, कर्मचारी माथि हातपात, राष्ट्रसेवक प्रहरीमाथि हातपातजस्ता शैली भद्दाजनक भएको उनले बताए। उनले भने, 'बाध्यात्मक मुख्यमन्त्री नियुक्तिमा विश्वासको मत पाउने/नपाउने ठूलो कुरा होइन। बरु चार सदस्यीय मन्त्रिमण्डल बनाएर जनताप्रति उत्तरदायित्व हुनु नै जनताको सेवकको परिचय हो।' विश्वासको मत माग्ने क्रममा मुख्यमन्त्री यादवले भने, 'संघीयता कसैको बपौतीले आएको होइन। संघीयतामाथि कुठाराघात गर्ने संघीयता मेरो बपौती हो, भन्न मिल्छ ? ' यादवले असंवैधानिक तथा अवैधानिक मुख्यमन्त्री नियुक्तिको नाममा बलजफ्ती र नौटंकी जनतालाई स्वीकार्य नहुने बताए।

मुख्यमन्त्री यादवले संघीयताको गुनगान गाउने सरकारले संघीयताको जननी मधेस सरकार बनाउन पनि काठमाडौंको मुख ताक्ने प्रवृत्ति आफूलाई मधेसवादी शक्तिबाट भएको आरोप लगाए। उनले भने, 'संघीयताको भद्दा मजाक बनाइरहनुभएको छ। संघीयताको ठेकेदार भन्नेले आफ्नो मन्त्री पनि स्वयं छान्न सक्दैनन्। कस्तो



संघीयताको अभ्यास हो ? काठमाडौंको भर पर्ने अनि संघीयता पक्षधर भन्ने ? ' उनले थपे, 'संघीयता पक्षधर भन्ने संघीयताको दुहाइदिने तर मधेस सरकारको राष्ट्रसेवक कर्मचारीलाई हातपात गर्ने, कर्मचारी कुट्ने, राष्ट्रिय झन्डा फाल्ने, गमला फुटाउनेजस्ता अशोभनीय कार्य स्वीकार छैन।'

**सांसदहरूले सडकमा नाटक गरे**

मधेसमा सबैभन्दा बढी दलका नेताको नियुक्ति मुख्यमन्त्रीमा हुँदा यहाँका दलको सांसदहरूले सडकमा नाटक गरेको आरोप लगाएका छन्। बुधबार बसेको मधेस प्रदेश सभाको बैठकमा मुख्यमन्त्री सरोजकुमार यादवले ठूलो दलको हैसियतले मुख्यमन्त्रीमा नियुक्त हुँदा सडकबाट सात दलका सांसदहरूले सडक नाटक मञ्चन गरेको आरोप लगाएका हुन्।

उनले नेकपा एमालेका नेता मुख्यमन्त्रीमा नियुक्त हुँदा विध्वंसकारी प्रदर्शन, तोडफोड, राष्ट्रिय झन्डाको अपमानलाई मधेसका जनताले नियालिरहेका छन्। मुख्यमन्त्री सरोजकुमार यादवले भने, 'नेकपा एमालेसँग आँखामा आँखा जुधाएर कुरा गर्न सक्ने अवस्था पनि छैन। संघीयतालाई जोगाउन, दलको आचरण संघीयता विरोधी भएर तोडफोडमा उत्रिनु संसद्कै बेइज्जती हो।'

**मन्त्रालयको संख्या घटाइयो**

मधेसमा मन्त्रालयको संख्या घटाइएको छ। राजीनामा दिनुअघि मुख्यमन्त्री यादवले मन्त्रिपरिषद्को संख्या घटाइएको घोषणा गरे।

## विपद्मा सहयोग गरेको भन्दै श्रीलंकाकी प्रधानमन्त्रीद्वारा धन्यवाद ज्ञापन

**अन्नपूर्ण** (काठमाडौं): प्रधानमन्त्री सुशीला कार्की र श्रीलंकाली समकक्षी डा. हरिणी अमरसुरियाबीच टेलिफोन वार्ता भएको छ। उनीहरूबीच बुधबार साँझ सवा ८ बजेबाट करिब ४ मिनेट कुराकानी भएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ। सो क्रममा श्रीलंकाका प्रधानमन्त्री अमरसुरियाले नेपालबाट २ लाख अमेरिकी डलरबराबरको सहायता प्राप्त भएकामा नेपाल सरकारलाई आभार व्यक्त गरिन्। नेपालले श्रीलंकामा आएको बाढीमा फसेका जनताको राहतका लागि २ लाख अमेरिकी डलर सहयोग प्रदान गरेको थियो।

'हामीकहाँ विपद् परेका बेला सहयोग पठाइदिनुभयो। यसका लागि धन्यवाद छ। आभारी छौं,' श्रीलंकाली प्रधानमन्त्री अमरसुरियाले टेलिफोन वार्तामा भनेकी थिइन्। जवाफमा प्रधानमन्त्री कार्कीले छिमेकी हुनुको नाताले एउटालाई समस्या पर्दा अर्कोले साथ दिनुपर्ने बताइन्। 'त्यो हाम्रो कर्तव्य र धर्म नै हो। यो कठिन घडीसँग जुध्नका निम्ति हामी तपाईंहरूसँगै छौं,' प्रधानमन्त्री कार्कीले भनिन्। प्रधानमन्त्री कार्कीले जेन-जी आन्दोलन र त्यसपछि मुलुकमा उत्पन्न परिस्थितिका विषयमा पनि जानकारी गराएकी थिइन्।

# लाग्यो उँधौली, बेंसी झारिए भेडाबाख्रा

**शिव उप्रेती** | *गोरखा*

उँधौलीको मेलो लागेपछि लेकका गोठहरू बेंसी झार्न थालिएका छन्। जिल्लाको सबैभन्दा धेरै भेडापालन गर्ने चुमनुब्री गाउँपालिका–३ का करिब २५ हजार भेडाबाख्रा बेंसी झारिएको वडासदस्य विकास गुरुङको भनाइ छ।

चुमनुब्री–३ साबिक सिर्दिबास गाविसको पाङसिङ जिल्लाको सबैभन्दा धेरै भेडापालन गर्ने गाउँ हो। यहाँबाट दिनहुँ जगत हुँदै लावालस्कर लागेर भेडा गोरखा, धादिङ, लमजुङका बेंसीतिर भेडा लैजाने गरिएको स्थानीय स्वास्थ्यकर्मी लक्ष्मण कार्की बताउँछन्। 'हिजो पनि तीन सय जति भेडा तल झारेका थिए। आज तीन जना गोठालाका ३ सय ४० वटा भेडा एकै पटक लावालस्कर लाएर तल झारिरहेका छन्', उनी भन्छन्।

यहाँका १ सय ५० घरधुरीमध्ये करिब ७० घरधुरी किसानले भेडाबाख्रापालन गर्ने वडासदस्य गुरुङको भनाइ छ। 'भेडाबाख्रा लेकको गोठबाट पाङसिङ गाउँमा झार्न थालेको एक महिना भयो। अहिले पाङसिङबाट तल झार्न थालिएको छ', उनी भन्छन्, 'यहाँबाट खोर्ला, सिङ्ला, लाप्राक, बारपाक, दूधपोखरी हुँदै लमजुङतिर झारिन्छ। कोही गोठालाले आर्खेत, आरुघाट, मान्बुहुँदै धादिङसम्म



**चुमनुब्री–३ पाङसिङका किसान भेडाबाख्रा बेंसी झार्दै।** ● लक्ष्मण कार्की

झार्ने चलन छ।' भेटरिनरी अस्पताल तथा पशु विज्ञकेन्द्रका अनुसार चुमनुब्रीमा १६ हजार ५ सय भेडा र ८ हजार ५ सय बाख्रापालन गरिन्छ। त्यस्तै ६ हजार ५ सय याकचौंरीपालन गर्ने केन्द्र प्रमुख अनन्त कोइराला बताउँछन्। लेकबाट बेंसी झार्ने पनि मौलिक परम्परा छ।

'लेकको गोठबाट बेंसी चाहिँ राम्रो बार हेरेर झार्ने गर्छन्। लेकको गोठबाट पनि एकैदिनमा झार्दैनन्। हावापानीसँग घुलमिल गराउँदै एक महिना लगाएर गाउँसम्म ल्याई पुर्‍याउँछन्', पाङसिङका विकास गुरुङ भन्छन्, 'अनि गाउँ झारिसकेपछि यहाँबाट अन्यत्र लैजान चाहिँ विधिपूर्वक पूजाआजा गरी साइत गर्ने चलन छ।' अहिले धमाधम गाउँबाट जगत, तातोपानी, खोर्ला, माछाखोला, आरुघाटतिर भेडा लैजान थालिएको उनको भनाइ छ। 'अहिले बेंसी झारिएको भेडाबाख्रा अब जेठ दोस्रोसाता उँभौली लागेपछि लेकको गोठतिर पुर्‍याइन्छ', उनले भने।

उँधौली सिजन सुरु भएपछि लेकका गोठबाट चौरीहरू पनि बेंसी झार्ने गरिन्छ। 'याक चाहिँ लेकमै छोड्छन्। चौंरीमात्र बेंसी झार्ने चलन छ' चुमनुब्री–७ का वडाध्यक्ष टासी दोर्जे लामा भन्छन्, 'बेंसी झार्दा पनि र पछि जेठको दोस्रो सातातिर लेक लैजाँदा पनि लामाले साइत हेरेर विधि पुर्‍याएर लैजाने चलन छ।'

भेडाबाख्रापालन गर्ने किसान धेरै भएकाले चुमनुब्री गाउँपालिका–३ मा गोठालाहरूलाई प्रोत्साहन कार्यक्रम लागू गरिएको छ। 'गोठालाहरूलाई प्रोत्साहन गर्न गोठमा जाने बाटो मर्मत, खानेपानीको व्यवस्था, गोठालाका लागि त्रिपाल, सोलार बत्ती, गमबुट, स्लिपिङ ब्याग वितरण गर्ने गरेका छौं', चुमनुब्री–३ का वडाध्यक्ष रामकुमार गुरुङ भन्छन्, 'गाउँपालिकाको ८० प्रतिशत र गोठाला स्वयंको २० प्रतिशत लागत साझेदारीमा यस्तो कार्यक्रम बर्सेनि गर्ने गर्छौं।'